**नेपाल सरकार**
**शिक्षक सेवा आयोग**
**सानोठिमी, भक्तपुर**
**खुला प्रतियोगितात्मक लिखित परीक्षाको**
**नतिजा तथा अन्तर्वार्ता सम्बन्धी**

# सूचना

यस आयोगबाट प्रकाशित स्थायी शिक्षक पदपूर्तिको लागि भएको विज्ञापन बमोजिम मिति २०७५।०६।१२ गते लिइएको **निम्नमाध्यमिक तह, तृतीय श्रेणीको** लिखित परीक्षामा सम्मिलित भएका उम्मेदवारहरुमध्ये देहायका उम्मेदवारहरुलाई रोल नं.को सिलसिलेवार रुपमा देहायको मिति, समय र स्थानमा हुने अन्तर्वार्ताको लागि छनौट गर्ने आयोगको **मिति २०७६।०२।२७ गते** निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नतिजा प्रकाशित भएको क्षेत्र र विषय**

| क्र.सं. | क्षेत्र | विषय |
|---|---|---|
| १. | सुदुरपश्चिमाञ्चल | विज्ञान |

**क्षेत्र : सुदुरपश्चिमाञ्चल**
**विषयः** विज्ञान

| साल ०७४/०७५ वि.नं. ⇒ | २०१ | २०२ | २०५ | २०६ |
|---|---|---|---|---|
| **समूह ⇒** | **खुला** | **महिला** | **आ.ज.** | **मधेसी** |
| **माग पद संख्या ⇒** | ४ | १ | १ | १ |
| **लि.प.मा सम्मिलित संख्या ⇒** | ८६ | | | |

| क्र.सं. | रो.नं. | उम्मेदवारको नाम | छनौट समूह |
|---|---|---|---|
| १. | ७२२०४०००१४ | पवित्रा ज्ञवाली | महिला |
| २. | ७२२०४०००२२ | अरुण कुमार यादव | मधेशी |
| ३. | ७३२०४००००२ | वेत प्रसाद चौधरी | आ.ज. |
| ४. | ७३२०४००००५ | रामशरण चौधरी | आ.ज. |
| ५. | ७३२०४०००१० | संजय कुमार यादव | मधेशी |
| ६. | ७३२०४०००१४ | द्रोपती चन्द ठकुरी | महिला |
| ७. | ७३२०४०००१६ | लीला भण्डारी | महिला |
| ८. | ७३२०४०००२३ | राहुल कुमार कठरिया | आ.ज. |
| ९. | ७४२०४००००१ | रमेश सिंह धामी | खुला |
| १०. | ७४२०४००००२ | विनोद सिंह कुँवर | खुला |
| ११. | ७४२०४००००६ | सुरेश कुमार कठरिया | आ.ज. |
| १२. | ७४२०४०००११ | दान सिंह धामी | खुला |
| १३. | ७५२०४००००७ | करुणाकर भट्ट | खुला |
| १४. | ७६२०४००००३ | प्रमोद कुमार उपाध्याय | मधेशी |
| १५. | ७७२०४००००४ | गणेश पन्त | खुला |
| १६. | ७७२०४०००१३ | नवराज वडु | खुला |

**पुनश्चः** शिक्षक सेवा आयोग नियमावली २०५७ को नियम २० (४) अनुसार समान वा माथिल्लो तहमा सिफारिस भइ सकेका व्यक्तिको नाम यस नतिजाबाट हटाईएको छ। साथै, हटाउन छुट भएको तथ्यगत प्रमाण पेश हुन आएमा नियमानुसार हुनेछ ।

**अन्तर्वार्ता सम्बन्धि तालिका**

| क्र.सं. | क्षेत्र | विषय | अन्तर्वार्ता हुने स्थान | मिति र समय |
|---|---|---|---|---|
| १ | सुदूरपश्चिमाञ्चल | विज्ञान | शिक्षा विकास निर्देशनालय, दिपायल | २०७६।०३।०९ विहान ७ :३० बजे |

लिखित परीक्षाको नतिजामा चित्त नबुझि पुनर्योग गर्न चाहने उम्मेदवारले मिति २०७६/०३/०१ गते कार्यालय समय भित्र आयोगको कार्यालय सानोठिमी, भक्तपुरमा रु. ३५०।- राजस्व दस्तुर बुझाइ प्रवेशपत्रको प्रतिलिपि सहित निवेदन दिन सक्नेछन् ।

## अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारहरूले ल्याउनुपर्ने कागजात एवं अन्य जानकारी

१. अन्तर्वार्ता हुने दिन प्रत्येक उम्मेदवारले तोकिएको अन्तर्वार्ता केन्द्रमा अनिवार्य रुपमा व्यक्तिगत विवरण फाराम भरी आयोगका कर्मचारीहरुद्वारा रुजु गराउनु पर्नेछ ।

२. व्यक्तिगत विवरण फारामसाथ उम्मेदवारले देहायका सक्कल कागजात र सोको एक/एकप्रति प्रतिलिपि आफैंले प्रमाणित गरी निम्न क्रममा मिलाई फाइलमा राखी पेश गर्नुपर्नेछ ।

   क) प्रवेश पत्र

   ख) नागरिकताको प्रमाणपत्र

   ग) अध्यापन अनुमति पत्र

   घ) समावेशी समूहबाट अन्तर्वार्ता दिन आउने उम्मेदवारले आफू उक्त समूहमा पर्ने भनी प्रमाणित गरिएको सक्कल कागजात ।

   - पिछडिएको क्षेत्रको हकमा सम्बन्धित जिल्लाबाट लिएको नागरिकता र दरखास्त दिने अन्तिम मितिसम्म सोही जिल्लाको कुनै स्थानीय तहमा स्थायी बसोबास गरिरहेको भनी सम्बन्धित स्थानीय निकायले प्रमाणित गरिदिएको सिफारिस पत्र संलग्न हुनुपर्ने छ । साथै, बैबाहिक सम्बन्धबाट पिछडिएको क्षेत्रको सुविधा उपभोग गर्न चाहने महिला उम्मेद्वारले श्रीमानको नागरिकताको प्रमाणपत्र र बिबाह दर्ताको प्रमाणपत्र समेत अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

   ङ) परीक्षा दिएको मूल बिषय खुलेको शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाण-पत्रहरु ।

   च) शिक्षक पदमा कार्यरत रहेको उम्मेद्वारले आफु कार्यरत तह, नियुक्ति मिति, नियुक्तिको किसिम (उदाहरणः स्थायी/अस्थायी/राहत/करार/सट्टा/लियन आदि), सेवा टुटेको, पुनःव्यवस्थापन भएको वा पुनःपदस्थापन भएको भए सो समेत खुल्ने सम्बन्धित **शिक्षा विकास तथा समन्वय इकाई प्रमुखले** नै प्रमाणित गरिदिएको सक्कल कागजात, नियुक्ति पत्र र नियुक्ति समर्थन/अभिलेखीकरण पत्र ।

   छ) शिक्षा बिषयमा १० महिने तालिम लिएको भए सो को प्रमाणपत्र वा सो सरहको मान्यता प्राप्त शैक्षिक योग्यताको प्रमाणपत्र ।

   ज) विदेशी संस्थावाट शैक्षिक उपाधि हासिल गरेको भए समकक्षताको प्रमाणपत्र ।

   झ) हालसालै खिचिएको पासपोर्ट साइजको एकप्रति फोटो ।

३. ४० बर्ष उमेरको हद नाघेका उमेद्वारले उमेरको हद नलाग्ने प्रमाण सहित (जस्तैः प्राथमिक तहको स्थायी नियुक्ति पत्र लिई २०७५/०३/३० सम्म कार्यरत रहेको वा राहत अनुदान कोटामा नियुक्ति पाई कार्यरत रहेको) सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईले प्रमाणित गरिदिएको सक्कल कागजात ।

४. उल्लिखित सक्कल कागजात लिई नआउने उम्मेदवारलाई अन्तर्वार्तामा सामेल गराइने छैन ।

५. कुनै उम्मेदवारले परीक्षामा आफू सफल हुने मनसायले झुठा विवरण पेश गरेमा वा कुनै भनसुन गरेमा वा आयोगका पदाधिकारी वा आयोगका तर्फबाट कार्य गर्ने कुनै कर्मचारी, दक्ष वा विज्ञलाई व्यक्तिगत प्रलोभन देखाएमा त्यस्ता उम्मेदवारको परीक्षा आयोगले कुनै पनि बखत रद्द गर्न सक्नेछ ।

६. आयोगको पूर्व सूचना विना अन्तर्वार्ताको निर्धारित कार्यक्रम परिर्वतन वा स्थगित हुने छैन ।

७. नतिजा प्रकाशनसम्बन्धी कुनै त्रुटि पाइएमा आयोगमा रहेको अभिलेखसँग भिडाई सच्याइने छ ।

८. व्यक्तिगत विवरण फारामको ढाँचा तथा अन्य जानकारी आयोगको **Website : (www.tsc.gov.np)** बाट समेत डाउनलोड गर्न सकिनेछ ।

९. लिखित नतिजाको जानकारी एस.एम. एस. सेवाबाट समेत लिने सकिने छ ।